परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ७७ पृष्ठ ४ २०८२ पुष २३ गते, बुधबार 7 January, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD.
१६औं बार्षिकोत्सव
को अवसर मा निशुल्क सदस्यता (डीस्काउन्ट) कार्ड वितरण संगै २०% सम्मको छुट
आजै सम्पर्क गर्नुहोस्
शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिबास, महोत्तरी
९८०१६८१८२२, ९८१२००३४८४, ०४४-५५०२५५

## सर्वदलीय बैठकबाट विवाद टुंगिएसँगै वीरगन्जमा 'कर्फ्यु' हटाइयो

टक नेपाल




सर्वदलीय तथा सर्वपक्षीय बैठकले विगत केही दिनदेखि वीरगन्जमा भइरहेको विरोध प्रदर्शन अबदेखि नगर्ने सहमति गराएको छ।

जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा मंगलबार यहाँ बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको 'कर्फ्यु' पनि आज ३:३० बजेदेखि हटाइएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अन्य मुलुक वा स्थानमा घटेका घटनालाई लिएर वीरगञ्जमा प्रदर्शन तथा आन्दोलन नगर्ने प्रतिबद्धता गरेसँगै कर्फ्यु हटाउने निर्णय भएको जानकारी दिए । 'यहाँका दुई समुदायबीच सहमति र यहाँको शान्तिसुरक्षाको अवस्था सहज बन्दै गएपछि कर्फ्यु हटाउने निर्णय गरेका हौँ,' उनले भने, 'अब यहाँको जनजीवन सामान्यतर्फ उन्मुख भइरहेको छ।' सो बैठकले आन्दोलनरत पक्षले विरोध प्रदर्शन गर्नुअघि प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिई प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र पेस गर्न जोड दिने, तत्पश्चात् मात्र आन्दोलनको कार्यक्रम सञ्चालन गने ' निर्णय भएको बताइएको छ। 'भविष्यमा हुन सक्ने धार्मिक, सामाजिक, सद्भाव विरुद्धका गतिविधिहरुलाई नियन्त्रण गर्न तथा आवश्यक कानुनी कारबाहीका लागि सिफारिस गर्न जिल्लास्थित क्रियाशील राजनीतिक दलहरु एवं विभिन्न धार्मिक समुदायका अगुवाहरु रहने तपसिल बमोजिमको स्थायी सद्भाव संयन्त्र गठन गर्ने निर्णय भएको छ,' उनले भने। प्रजिअ दाहालका अनुसार सो स्थायी सद्भाव संयन्त्रमा हिन्दु समुदायका तर्फबाट रञ्जित साह, रञ्जन सिंह रहनेछन् । त्यसैगरी, मुस्लिम समुदायका तर्फबाट महमद महबुब अलि (शेरु) र अलि असगर मदनी रहनेछन्।

सो सर्वपक्षीय तथा सर्वदलीय बैठकले अन्य धार्मिक समुदायबाट पनि आवश्यकताअनुसार प्रतिनिधित्व र जिल्लास्थित राजनीतिक दलहरुका तर्फबाट एक/एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ । त्यसैगरी, सोही संयन्त्रमा नेपाल पत्रकार महासंघका अध्यक्ष तथा नागरिक समाजको प्रतिनिधि सदस्य रहनेछन्। सो बैठकले सबै प्रकारका सञ्चारकर्मीहरुलाई समाचार सम्प्रेषण गर्नुपूर्व धार्मिक, सांस्कृतिक/सामाजिक सद्भावमा खलल नपुग्ने गरी सामाचार सम्प्रेषण गर्न अनुरोध गर्ने पनि निर्णय गरेको छ।

त्यसैगरी धार्मिक, सांस्कृतिक, सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह/आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने बताइएको छ।

साथै सबै पक्षले आ-आफ्नो, समूहका तर्फबाट भएका कमजोरीको मनन गर्दै आ-आफ्नो समुदायका व्यक्तिलाई अनुशासन र आत्मसंयम तथा सद्भाव कायम राख्न प्रतिबद्धता व्यक्त गर्ने निर्णय भएको छ । सो बैठकले विद्यमान परिस्थितिलाई सहज बनाउन सबैले आ-आफ्नो स्थानबाट सक्रिय र सकारात्मक भूमिका निर्वाह गर्दै थप विरोध कार्यक्रमहरु नगर्ने पनि निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## प्रहरीद्वारा सर्लाहीमा गाँजाखेती फडानी अभियान सञ्चालन



टक नेपाल

लालबन्दी नगरपालिकास्थित चुरे क्षेत्रमा गरिएको अवैध गाँजाखेती प्रहरीले नष्ट गरेको छ । लालबन्दी नगरपालिका-१४ र १५ स्थित विभिन्न गाउँमा क्षेत्रमा लगाएको गाँजा प्रहरीले सोमबार नष्ट गरेको हो।

चुरे क्षेत्रको शिर कालिन्जोर, सिरुडाँडा, ब्लोन टोललगायत स्थानमा रूपमा लगाएको दुई लाख बोट गाँजा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।

जिल्लाको चुरे क्षेत्रमा प्रहरीले मङ्सिरदेखि नै अवैध गाँजाखेती फडानी अभियान चलाएको छ। "उक्त क्षेत्रमा गाँजाखेती भइरहेको सूचना पाएपछि प्रहरी पुगेको थियो", उनले भने, "नेपाल प्रहरी र सशस्त्र प्रहरीका ४० जनाको टोलीले १३ बिघाको गाँजाका बोट फडानी गरेर फर्किएका छन् ।"

अवैध लागुऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले लुकाइछिपाइ गरेको गाँजाखेती खोजी र नष्ट गर्ने काम गरिरहेको प्रहरी नायब उपरीक्षक राईले बताए । तथ्याङ्कअनुसार जिल्ला प्रहरी कार्यालयले चालु आर्थिक वर्षमा ९४.५ बिघा गाँजाखेती नष्ट गरिसकेको छ।

## विपन्नलाई सिरक बाँड्दै लायन्स क्लब

टक नेपाल

महोत्तरीसहित मधेसका विभिन्न स्थानमा लायन्स क्लबले चिसो प्रभावितलाई गाउँटोलमै पुगेर सिरक वितरण गरेको छ।

क्लबका गभर्नर केशरबहादुर भण्डारीसहितको टोली मधेसका विभिन्न टोलमा पुगेर सिरक र म्याट वितरण गरिरहेको लायन्स क्लबका जोन पर्सन उमेशकुमार महतोले बताए।

महोत्तरीको बर्दिवास-१४ स्थित नमुना मुसहर बस्ती, बर्दिवास २ र १४ का अन्य बस्तीसँगै गौशालामा समेत लायन्स क्लब बर्दिवासले ८० घरपरिवारलाई सिरक र म्याट वितरण गरेको महतोले बताए।

वडा कार्यालय र विपन्न बस्तीका परिवारलाई न्यानो कपडा बाँडिएको लायन्स क्लब बर्दिवासले जनाएको छ। सिरहाको लाहान, मिर्चैया, धनुषाको ढल्केवर, जनकपुर र महोत्तरीको विभिन्न ठाउँमा पुगेर चिसोबाट समस्या भोगिरहेकालाई राहत उपलब्ध गराएको क्लबले जनाएको छ। तराईमा शीतलहर मध्यनजर गरी न्यानो कपडा वितरण गर्न लायन्स इन्टरनेशनल ३२५ एफ अन्तर्गतका सबै क्लब सक्रिय भएको गभर्नर भण्डारीले बताए।





Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जलेश्वर नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# उद्योगमा घट्दो उत्पादन, देशमा बढ्दो आर्थिक समस्या

उद्योगहरू कति क्षमता उपयोगमा सञ्चालन भइरहेका छन् भन्ने तथ्यांकले देशको अर्थतन्त्रको स्थिति उजागर हुन्छ। नेपालका उद्योगहरूको उत्पादन तथ्यांक निराशाजनक छ। राष्ट्र बैंकको आर्थिक गतिविधि प्रतिवेदनका अनुसार, आर्थिक वर्ष २०८१/८२ मा देशभरका उद्योगको क्षमता उपयोग औसत ४४.५ प्रतिशत रहेको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा उद्योगहरूको क्षमता उपयोग औसत ३.८ प्रतिशत बिन्दुले कम भएको हो। औद्योगिक विकास गरेका सम्पन्न देशहरूमा उद्योगको क्षमता उपयोग ७५-८५ प्रतिशतसम्म हुने गरेको पाइन्छ। तर, हामीकहाँ उद्योगको क्षमता उपयोग आधाभन्दा पनि कम हुँदा अर्थतन्त्रको फैलावटमा अवरोध पुगिरहेको छ।

त्यसले रोजगारी सिर्जनादेखि विकास निर्माणसम्मै प्रत्यक्ष र अप्रत्यक्ष असर परिरहेको छ। त्यसैले सरकारले उद्योगमैत्री वातावरण बनाउने, बिजुली-सडकलगायतका पूर्वाधारको विकास गर्ने, जनताको क्रयशक्ति बढाउने जस्तो प्रोत्साहनयुक्त कार्यक्रम ल्याउन जरुरी छ।

राष्ट्र बैंकको प्रतिवेदनले गत आर्थिक वर्षमा टायर तथा ट्यूब उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.७ र वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम १.१० प्रतिशत रहेको देखाएको छ। वनस्पति घिउ, भटमासको तेल, बिस्कुट, चाउचाउ, बियर, चुरोट, सिन्थेटिक कपडा, प्लास्टिकका सामान, फलामको छड तथा पत्ती, स्टिलजन्य उत्पादन, जीआई पाइप र ट्रान्सफर्मर उत्पादन गने उद्योगको क्षमता उपयोग बढेको देखिएको छ। तोरीको तेल, प्रशोधित दूध उत्पादन गने उद्योगको क्षमता उपयोग घटेको छ। त्यस्तै, चामल, गहुँको पिठो, पशुदाना, चिनी, चकलेट, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ, धागो, पस्मिना, गार्मेन्ट, जुटका सामान, इँटा, सिमेन्ट, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार र केबुल, टायर तथा ट्युब, चप्पल र बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग पनि घटेको प्रतिवेदनमा उल्लेख छ। एउटा उद्योगले आफ्नो क्षमताको तुलनामा आधा मात्रै उत्पादन गरिरहनुको अर्थ उत्पादन नै अति कम हुनु त हुँदै हो।




शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

एकडारा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

# इभीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु, क्षतिपूर्तिको माग गर्दै प्रदर्शन

● टक नेपाल

रौतहटको बौधिमाई नगरपालिका-२ मा इभी भ्यानको ठक्करबाट मोटरसाइकल चालकको ज्यान गएपछि स्थानीयवासी र मृतकका आफन्तले दोषीमाथि कडा कारबाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको माग गर्दै आन्दोलन थालेका छन्।

मंगलबार बिहानदेखि बौधिमाईको कोपवा चौकमा टायर बाल्दै चर्का नाराबाजीसहित प्रदर्शन भइरहेको छ। प्रदर्शनकारीहरूले न्याय सुनिश्चित नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिएका छन्। हुलाकी राजमार्गअन्तर्गत भुवाली चोकमा सोमबार बिहान इभी भ्यान र मोटरसाइकल ठोक्किँदा बौधिमाई नगरपालिका-२, इनर्वा गाउँ निवासी २५ वर्षीय दीपेन्द्र बैठाको मृत्यु भएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका बैठालाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पुर्‍याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। मृतकका दाजु उपेन्द्र बैठाले इभी भ्यान चालकले जानीजानी सडकको छेउबाट मोटरसाइकललाई ठक्कर दिएको आरोप लगाउँदै दोषीलाई कडा कारबाही र उचित क्षतिपूर्ति नपाएसम्म शव नबुझ्ने अडान परिवारले लिएको बताए।



घटनापछि इभी भ्यान चालक पक्राउ परे पनि गाडीका साहु बौधिमाई नगरपालिका-२, इनर्वा निवासी राकेश जैसवाल सम्पर्कविहीन रहेको पीडित पक्षको दाबी छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर रुद्रराज कँडेलका अनुसार दुर्घटनामा संलग्न इभी भ्यान र चालक राजपुर नगरपालिका-५ निवासी २५ वर्षीय उपेन्द्र साहलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाइएको छ। उनका अनुसार हाल काठमाडौंमा रहेका गाडी साहु राकेश जैसवाललाई जानकारी गराइसकिएको छ। उनी मंगलबार बिहान ११ बजेको फ्लाइटमार्फत सिमरा हुँदै जिल्ला प्रहरी कार्यालय गौर आइपुगेपछि क्षतिपूर्तिको विषयमा छलफल हुने प्रहरीको भनाइ छ। मृतकको शव सोमबारदेखि पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको भए पनि पीडित परिवारको अडानका कारण हालसम्म पोस्टमार्टम हुन सकेको छैन। दुर्घटनापछि उत्पन्न तनावलाई ध्यानमा राख्दै सो क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। स्थानीयवासीका अनुसार पछिल्लो समय बिहानैदेखि लाग्ने बाक्लो हुस्सु-कुहिरोका बीच सवारी साधन तीव्र गतिमा चलाइँदा रौतहटमा दैनिकजसो दुर्घटना हुने गरेको छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

लोहरपट्टी नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# एसएमसी एपमार्फत पिरामिड ठगी : ११ जना पक्राउ, १२ करोडभन्दा बढी रकम अपचलन




● पवन प्रसाद साह

सञ्जाल बनाएर पिरामिड शैलीमा करोडौं रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले ११ जनालाई पक्राउ गरेको छ। साइबर ब्युरोले 'एसएमसी' नामक एप्लिकेसनमार्फत हजारौं सर्वसाधारणबाट करोडौं रकम ठगी भएको तथ्य सार्वजनिक गरेको हो।

साइबर ब्युरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक (एसपी) दीपकराज अवस्थीका अनुसार उक्त घटनामा संलग्न ११ जनालाई विभिन्न समयमा पक्राउ गरिएको छ। अनुसन्धानका क्रममा एसएमसिएन एड्भरटाइजिङ सर्भिस सेन्टर प्रालिको नाममा चितवनको खैरहनी नगरपालिका-७ मा कार्यालय खोली ठगी धन्दा सञ्चालन गरिएको खुलेको छ। एसपी अवस्थीका अनुसार कम्पनीको नाम विज्ञापनसँग सम्बन्धित देखिए पनि वास्तविक उद्देश्य भने विशुद्ध रूपमा ठगी गर्नु रहेको पाइएको छ। त्यसका लागि उनीहरूले 'एसएमसी' नामक एप नै निर्माण गरी नेटवर्क विस्तार गरेका थिए। हालसम्म उक्त एपमा ७० हजारभन्दा बढी नागरिक जोडिएको देखिएको छ। ठगी गर्नका लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता प्रमाणपत्र, भौतिक कार्यालय स्थापना तथा अन्तर्राष्ट्रिय फिल्म कम्पनी युनिभर्सल, वार्नर ब्रोज र डिज्नीसँग सहकार्य रहेको भनी झूटा प्रचार गरिएको थियो। चलचित्रका विज्ञापन हेरेबापत पैसा पाइने भन्दै सर्वसाधारणलाई आकर्षित गरिएको अनुसन्धानमा खुलेको छ। विश्वासमा लिएर पिरामिड शैलीमा कमिसनको लोभ देखाइएको एसपी अवस्थीले बताए। उनका अनुसार सदस्यलाई तीन तहमा विभाजन गरिएको थियो। लेभल 'ए' मा १२ प्रतिशत कमिसन र दैनिक कामको ५ प्रतिशत, लेभल 'बी' मा ४ प्रतिशत कमिसन र दैनिक कामको २ प्रतिशत तथा लेभल 'सी' मा १ प्रतिशत कमिसन र दैनिक कामको १ प्रतिशत आम्दानी हुने भनिएको थियो। यसरी कुनै वास्तविक व्यापार नगरी नयाँ सदस्यको पैसाबाट पुरानालाई प्रतिफल दिने पोन्जी स्किम अपनाइएको प्रहरीको निष्कर्ष छ। साथै 'ब्ल्याक रक' जस्ता काल्पनिक कोषमा रकम राखे दैनिक १.२ प्रतिशतसम्म प्रतिफल दिने भन्दै ठगी गरिएको पाइएको छ। यस सञ्जालमार्फत आफू ठगिएको भन्दै २५५ जनाले साइबर ब्युरोमा उजुरी दिएका छन्। हालसम्मको तथ्यांकअनुसार १२ करोड ८ लाख १६ हजार ३७२ रुपैयाँ बराबरको ठगी भएको देखिएको छ। ठगी धन्दामा संलग्नमध्ये काठमाडौंमा बस्दै आएका चिनियाँ नागरिक ही-जियाङजियाङ पनि पक्राउ परेका छन्। उनीसँगै रामेछापका मिलन श्रेष्ठ, तनहुँका सौगात थापा, नुवाकोटका वीरबहादुर तामाङ, चितवनका सोनम खातुन, काठमाडौंकी प्रिया केसी, गुल्मीकी मोनिका गुरुङ, धादिङकी गीता गुरुङ, पर्साका नासिर मिया अन्सारी, सायरा खातुन र बाराका राम निवास प्रसाद पक्राउ परेका हुन्।

उनीहरूमाथि संगठित अपराध निवारण ऐन, २०७० तथा मुलुकी अपराध संहिता, २०७४ अनुसार अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

साइबर ब्युरोले एसएमसी एपमार्फत ठगिएको भए डिजिटल स्क्रिनसट, बैंक ट्रान्सफर भौचरलगायत प्रमाणसहित नजिकको प्रहरी कार्यालय वा साइबर ब्युरोमा उजुरी दिन अनुरोध गरेको छ। साथै कमिसनको लोभमा यस्ता पिरामिड शैलीका सञ्जालमा संलग्न भएकाहरूलाई तुरुन्तै बाहिरिन आग्रह गरिएको छ।

घरमै बसेर भिडियो हेरेर पैसा कमाउने, थोरै लगानीमा उच्च प्रतिफल दिने जस्ता विज्ञापनमा विश्वास नगर्न समेत प्रहरीले चेतावनी दिएको छ। हाल उक्त एसएमसी एप प्लेस्टोरबाट हटाइसकेको जनाइएको छ।

# शान्ति, भाइचारा र सामाजिक एकताका लागि अपिल

● टक नेपाल




मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले मधेशवासीमा शान्ति, भाइचारा र सामाजिक एकताका लागि अपिल गरेका छन् ।

प्रदेश प्रमुख कर्णले सोमबार जारी गरेको विज्ञप्तिमा जारी गर्दै 'मधेश विभिन्न भाषा, धर्म, संस्कृति र परम्पराहरूको सुन्दर संगम स्थल हो । परापूर्व कालदेखि हामीले एकअर्काको आस्था र अस्तित्वको सम्मान गर्दै 'अतिथि देवो भवः' र 'वसुधैव कुटुम्बकम्' को संस्कारलाई आत्मसात् गर्दै आएका छौं । तर, पछिल्ला केही दिनयता केही स्थानहरूमा देखा परेका अस्वाभाविक गतिविधि र असमझदारीले हाम्रो सदियौँ पुरानो सामाजिक एकता र भाइचारामा आँच पुर्याउन सक्ने अवस्था सिर्जना भएको प्रति म चिन्तित छु ।' उल्लेख गरेका छन् । प्रदेश प्रमुख कर्णले नागरिकहरूलाई सचेत रहन र समाजमा उत्तेजना वा आवेगमा नआउने आग्रह गर्दै भने, 'विचार र आस्था फरक हुन सक्छन् । तर हाम्रो मानवीय पहिचान र सामाजिक एकता एउटै हो । त्यसैले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट कसैको भावनामा चोट पुग्ने कार्य नगर्न र शान्ति एवं अमनचयन कायम राख्न सबैले एकजुट हुन आवश्यक छ ।' उनले संवाद र सहकार्य नै हरेक समस्याको समाधान रहेको बताए । उनले भने, 'हामी सबै मिलेर प्रमाणित गरौं कि मधेश केवल विविधताको भूमि मात्र नभई यो अटुट एकता र प्रेमको भूमि पनि हो ।

शान्ति र सद् भाव नै हाम्रो पहिचान हो ।' हाल केही स्थानीय तह र समुदायमा उत्पन्न विवाद र असमझदारीले सामाजिक समरसता र भाइचारामा चुनौती देखिएको छ ।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबित(ाऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सा(लयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।


कमला नगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल



## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बटेश्वर गाउँपालिका, धनुषा
मधेश प्रदेश, नेपाल





# जसपा लोसपा एकिकरण : पार्टीको नाम 'जसपा नेपाल', चुनाव चिह्न 'छाता'



● टक नेपाल

जेन- जी आन्दोलनपछि भएको राजनीतिक परिवर्तनका कारण हुन लागेको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा मधेश केन्द्रित दल जसपा नेपाल र लोसपा नेपालबीचको एकीकरण अन्तिम चरणमा पुगेको छ। विगतमा निर्वाचन सम्पन्न भएपछि विभिन्न असन्तुष्टिका कारण जसपा नेपालबाट छुट्टिएर लोसपा नेपाल गठन गरेका महन्थ ठाकुर उपेन्द्र यादव नेतृत्वको जसपा नेपालसंग एकता गरेको छ। सो एकता अहिले अन्तिम चरणमा रहेको छ। काठमाण्डुमा बसेको जसपा र लोसपाको बैठकबाट ३७ सदस्यीय कार्यकारिणी समिति गठन गर्ने निर्णय गरिएको तत्कालीन लोसपा नेपालका महासचिव परमेश्वर साहले जानकारी दिए।

पूर्वप्रदेश सांसदसमेत रहेका नेता साहका अनुसार पार्टी एकताको लामो समय पछि पहिलो पटक जसपा नेपाल र लोसपा नेपालका शीर्षनेताहरुबीच भएको बैठकबाट पार्टीको नाम जसपा नेपाल नै टुंगो लागेको छ भने पार्टीको चुनाव चिह्न छाता नै रहने सहमति भएको छ। यता पार्टीको झण्डा, ३७ सदस्यीय कार्यकारिणी समिति, अन्य पदाधिकारी र राष्ट्रियसभा सदस्य निर्वाचनलगायतका विभिन्न एजेण्डासमेत छलफल जारी नै रहेको उनको भनाइ छ। एकीकरण भएपछि जसपा नेपालमा एकल अध्यक्ष रहने छ। अध्यक्षमा उपेन्द्र यादव नै रहने जनाइएको छ। त्यस्तै पार्टीको अभिभावकत्वको भूमिकामा महन्थ ठाकुर नै रहने सर्वसम्मत निर्णय भएको बताइएको छ। सोमबार रातिसम्ममा ३७ सदस्यीय कार्यकारिणी समिति, अन्य पदाधिकारीहरूको बारेमा टुंगो लगाइने नेता साहले बताए।

यसअघि लोसपा नेपालसंग वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) बीच एकताबाट समाहित भएपछि महन्थ ठाकुरको कोटाबाट नै उनीहरुले पनि जसपा नेपालमा प्रतिनिधित्व पाउने उनले बताए। लोसपासंग समाहित भएका पार्टीको अस्तित्व समाप्त भएकाले अब जसपा नेपालले नै उनीहरुले प्रतिनिधित्व गर्ने उनको भनाइ छ। त्यस्तै उपेन्द्र यादव नेतृत्वको तत्कालीन जसपा नेपालमा समाहित भएका रेणु यादव नेतृत्वको समूहबारे समेत अध्यक्ष उपेन्द्र यादवले नै प्रतिनिधित्व गराउने गरी ३७ सदस्यीय कार्यकारिणीमा समेटिने बढी सम्भावना रहेको छ। पार्टी शीर्षनेतृत्वहरुको बैठकबाट नेताहरूको व्यवस्थापन र जिम्मेवारीको काम पनि कार्यदलले नै टुंगो लगाउने जसपा नेपालका एक नेताले बताए।

यस कार्यदलले विभिन्न दलहरुबाट आएका नेता तथा विभिन्न पार्टीहरुलाई समेत व्यवस्थापन बारे ब्यापक रुपमा विचार विमर्श भइरहेको छ। त्यसैगरी यसै बैठकबाट राष्ट्रिय सभा निर्वाचनका लागि समेत निर्णय गर्ने एक नेताले जानकारी दिए। यस निर्वाचनमा राष्ट्रिय सभा सदस्यको उम्मेदवारीमा महन्थ ठाकुरको नाम समेत अघि सारिएको एक नेताले बताए।

## रौतहटमा शंकास्पद सवारी साधनमाथि कडाइ, पहिलो दिन १६ वटा नियन्त्रणमा



● टक नेपाल

रौतहट प्रहरीले जिल्लाका विभिन्न स्थानमा शंकास्पद सवारी साधनको चेकजाँच अभियान तीव्र पारेको छ चेकजाँचको पहिलो दिन सोमबार शंकास्पद अवस्थामा रहेका १६ वटा सवारी साधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ

नियन्त्रणमा लिइएका सवारी साधनमध्ये कागजपत्र नपुगेका ४ वटा जिप र १२ वटा मोटरसाइकल रहेका छन्। ती सवारी साधनबारे थप अनुसन्धान भइरहेको रौतहटका प्रहरी प्रमुख एसपी रबिन कार्कीले जानकारी दिए।

प्रहरीले सवारी साधनका कागजात, प्रयोगको अवस्था तथा अन्य शंकास्पद पक्षबारे गहिरो अनुसन्धान अघि बढाएको जनाएको छ पछिल्लो समय रौतहटमा चोरीका सवारी साधनको संख्या बढ्दै गएको विशेष सूचनाका आधारमा तथा नजिकिँदै गरेको प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै चेकजाँच अभियान सञ्चालन गरिएको एसपी कार्कीले बताए।

भारतसँग सीमा जोडिएको जिल्ला भएका कारण भारतीय नम्बर प्लेटका सवारी साधन नेपाल प्रवेश गर्ने तर फिर्ता नजाने, साथै ती सवारी साधन गैरकानुनी गतिविधिमा प्रयोग हुँदै आएको पाइएको प्रहरीले जनाएको छ यसलाई नियन्त्रणमा लिन आगामी दिनमा पनि चेकजाँच अभियानलाई निरन्तरता दिइने प्रहरीले स्पष्ट पारेको छ


vianet

अब सबै connected

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी

मधेश प्रदेश, नेपाल

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनोरोड बर्दिबास, महोत्तरी

०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014